NEPAL ECONOMIC FORUM

Alliance for Social Dialogue

संक्षिप्त नीतिगत टिप्पणी - बृहदअर्थशास्त्रीय समीक्षा

# विपद पश्चातको आँकलन: नाकाबन्दी २०७२

अंक ७ - असार २०७३ Volume 7 - June 2016

## पृष्ठभूमि

पछिल्लो एक बर्षभन्दा बढी समयदेखि नेपालको अर्थतन्त्रलाई एकपछि अर्को धेरै चुनौतिहरुले न्याँकेका छन्, जसले गर्दा अर्थतन्त्र कठिन अवस्थाबाट गुज्रिरहेको छ। भुकम्पले झण्डै ९ हजार मानिसको ज्यान लियो भने २२ हजारभन्दा धेरै घाईते भए, जसले अनुमानित ७ अर्ब अमेरिकी डलर बराबरको आर्थिक नोक्सान भयो भने ७ लाख मानिसहरु गरिबीको रेखामुनी धकेलिने अनुमान गरिएको छ। त्यसैगरी, भुकम्पको केही महिनापछि तराई मधेश क्षेत्रमा भएका संविधानसँग सम्बन्धित आन्दोलनहरुको कारण नाकाबन्दीको अवस्था सृजना भयो, जसले नेपालको अर्थतन्त्र र समग्रमा सिंगो समाजमानै ठुलो धक्का दियो।

व्यापार नाकाबन्दी जारी रहेसँगै हाम्रो भूपरिवेष्ठित देशमा अत्यावश्यक आपूर्तिहरु झण्डै ठप्पै भए। नाकाबन्दीको नतिजास्वरुप निम्तिएको इन्धन संकटले अर्थतन्त्रका सबै क्षेत्रहरुमा आफ्नो प्राभाव पार्यो। एकातर्फ अत्यावश्यक आयातहरु जस्तै औषधी तथा इन्धन देशभित्र प्रवेश गर्न दिइएन भने अर्कोतर्फ इन्धनको भयावह संकटले अर्थतन्त्रको उत्पादन, वितरण तथा उपभोग प्रकृयालाई नकारात्मक असर पुर्यायो ।

नाकाबन्दीको तात्कालिन प्रभाव स्पष्ट थियो र मिडियाहरुमा पनि चौतर्फी रुपमा रिपोर्टिंग भयो। नाकाबन्दीले पार्ने दीर्घकालिन प्रभाव धेरै नै जटील र प्रतिकुल हुनसक्छ । त्यसकारण यो अध्ययनले अर्थतन्त्रका महत्वपुर्ण क्षेत्रहरुमा पारेको प्रभावको गहिराई र फैलावट बुझ्ने उदेश्य राखेको छ। नतिजाहरुको आधारमा यो अध्ययनले भविष्यमा अर्थतन्त्रमा पर्न सक्ने यस्तै खालका धक्काहरुको सामना गर्न उपयुक्त हुने उपायहरु समेत सुझाएको छ।

## नाकाबन्दीका कारण अर्थतन्त्र गहिरो संकटमा

गत वर्षको विनाशकारी भुकम्पले झण्डै ९ हजार मानिसहरुको ज्यान लियो भने २२ हजार मानिसहरु घाइते भए। यस्तै रु. ७०६ अर्ब (७ अर्ब अमेरिकी डलर) बराबरको क्षति र विध्वंश भयो जसले अनुमानित ७ लाख मानिसलाई गरिबीको रेखामुनि धकेल्यो। भुकम्प लगत्तैको नाकाबन्दीले राष्ट्रिय अर्थतन्त्रमा थप गहिरो धक्काहरु दियो।

## महँगी: जनताको प्रमुख शत्रु

आर्थिक नाकाबन्दीको सबैभन्दा महत्वपूर्ण प्रभाव मुल्यमा भएको तीव्र बृद्धि थियो। २०७२ सालको भाद्र देखि माघ महिनाको बीचमा उपभोक्ता मुल्य सूचकांकले मापन गरे अनुसार मुद्रास्फिति ७.२ प्रतिशतबाट बढेर १२.१ प्रतिशतमा उक्लियो जुन चित्र १ मा देखाईएको छ।

आपूर्ति समस्याको कारण सृजित अत्यावश्यक वस्तुहरुको अभावको कारणले मुल्य तीव्रताका साथ बढ्यो। पेट्रोलियम पदार्थको अभाव र कालोबजारमा सोको अत्याधिक दरभाउ हुँदा अन्य वस्तुहरुको मुल्य बढ्यो जसको भार अन्ततः उच्च मुल्यको रुपमा उपभोक्तामै परेको थियो।

नाकाबन्दी खुलेपछिका महिनाहरुमा मुल्य बृद्धि विस्तारै सहज हुँदै गयो। २०७२ माघ अन्त्यसम्ममा उपभोक्ता मुल्य सुचकांकको मापनले मुद्रास्फिती ११.३ प्रतिशतमा रह्यो जुन फाल्गुन अन्त्यमा १०.२ प्रतिशत र चैत्र अन्तिमसम्ममा ९.७ प्रतिशतमा रह्यो।

आगामी महिनाहरुमा आपूर्ति सहज हुँदै जाँदा मुल्य बृद्धि नेपाल राष्ट्र बैंकले तरलतालाई कसरी व्यवस्थापन गर्छ भन्नेमा निर्भर गर्दछ। आगामी महिनाहरुमा मुल्य बृद्धिलाई कम गर्न उपयुक्त मौद्रिक व्यवस्थापनसँगै आपुर्तिको सहजीकरण महत्वपूर्ण रहनेछन्।

अभावका कारण दैनिक उपभोग्य वस्तहरुको मुल्यमा तीव्र बृद्धि हुँदा अभावको कारण

चित्र १: आर्थिक बर्ष २०७२-७३ को पहिलो नौ महिनाको उपभोक्ता मुल्य सूचकांकमा आधारित बार्षिक मुद्रास्फीति




श्रोत: वर्तमान आर्थिक सर्वेक्षण (महिना १-९), नेपाल राष्ट्र बैंक

उत्पन्न असहजताका र त्यसको समय तथा अवसर मुल्य (अपर्च्युनिटी कस्ट) सँगै सामान्य जनताको जिवीकामा प्रत्यक्ष भार पर्यो ।

नाकाबन्दीको प्रभावको बारे प्रश्न सोध्दा, देशका विभिन्न भागका मानिसहरुबाट अध्ययन समुहले प्राप्त गरेको एउटा सबैभन्दा पहिलो र साझा प्रतिक्रिया भनेको मुल्यमा भएको अत्यधिक बृद्धि नै थियो । केही उत्तरदाताहरुले उनीहरुको विचारमा मुल्य ५० प्रतिशत सम्मले बढेको जनाए ।

२०७२ भाद्र अन्तिम देखि खाद्यान्न तथा पेय पदार्थको मुल्य बृद्धि तीव्र रहेको छ । नेपालमा खाद्यान्न तथा पेय पदार्थले उपभोग बास्केटको पूर्ण भारको ठुलो हिस्सा अर्थात ४३.९१ प्रतिशत ओगटेको छ । यसैकारण यसमा हुने मुल्य बृद्धिले जिविकामा प्रत्यक्ष प्रभाव पर्न जान्छ ।

## व्यापारमा गिरावट

नेपाल–भारतको सीमामा भएको नाकाबन्दीको कारण नेपालको अन्तराष्ट्रिय व्यापारमा तीव्र गिरावट आयो । यो अवधिमा वस्तुहरुको आयात तथा निर्यात दुवै उल्लेख्य रुपमा घट्यो । नेपालको अन्तराष्ट्रिय व्यापारको ६० प्रतिशतभन्दा बढी ब्यापार भारतसँग हुने हुँदा नेपाल–भारत सीमामा भएको अवरोधका कारण वस्तुहरुको प्रवाहमा गहिरो समस्या सृजना भएको थियो जसका कारण अत्यावश्यक वस्तुहरुको चर्को अभाव उत्पन्न भयो ।

आर्थिक बर्षको पहिलो महिनापछि आयातमा तीव्र गिरावट शुरु भयो । २०७२ कार्तिक अन्तिम सम्ममा चित्र २ मा देखाईएजस्तै अघिल्लो बर्षको तुलनामा वस्तुहरुको आयात ३६.७ प्रतिशतले घट्यो । नेपालमा पेट्रोलियम पदार्थको आयातको खर्च मात्र देशको कुल निर्यातभन्दा बढी रहेको सन्दर्भमा इन्धनको आयातमा आएको तीव्र गिरावटले कुल आयातको उल्लेख्य हिस्सा ओगट्छ ।

कार्गोहरुलाई वीरगंज बाहेक अन्यत्र सीमाहरुमा रिरुट गरिएसँगै आयातमा सुधार देखिन थाल्यो । माघमा नाकाबन्दीको समाप्तिपश्चात आयातमा छिटो सुधार भयो । २०७२ चैत्र अन्तिममा वस्तुहरुको आयात अघिल्लो बर्षको सोही अवधिको तुलनामा ९.९ प्रतिशतले कम थियो यसले तीव्र गिरावटको अवस्थाबाट आयात विस्तारै सामान्य अवस्थामा फर्केको देखाउँछ ।

आयातसँगै नाकाबन्दीको समयमा निर्यातमा पनि असर पुग्यो । चालु आर्थिक बर्षको श्रावण अन्त्य सम्ममा निर्यातको अवस्था अघिल्लो बर्षको तुलनामा राम्रो भएतापनि दोस्रो महिनादेखि यसको अवस्था निकै खस्कियो । चित्र ३ मा देखाईएजस्तै अघिल्लो बर्षहरुको तुलनामा कार्तिक अन्तिम र माघ अन्तिम निर्यातमा २९.१ प्रतिशतसम्मले गिरावट आयो । आयातजस्तो छिटो निर्यात सामान्य अवस्थामा फर्कन सकेन । नाकाबन्दी हटेको २ महिनाभन्दा बढी समयपश्चात चैत्र अन्तिम समेत निर्यात अघिल्लो बर्षको तुलनामा २३.४ प्रतिशतले कम थियो । यदी आयातझैं निर्यातमा छिट्टै सुधार हुन नसके देशले तीव्र गतिमा व्यापार घाटाको अवस्था व्यहोर्नुपर्ने हुन्छ ।

**चित्र २: आर्थिक बर्ष २०७१-७२ र २०७२-७३ को समिक्षा अवधि सम्मको वस्तु आयात परिवर्तन प्रतिशतमा**




श्रोत: बर्तमान आर्थिक सर्वेक्षण (महिना १-९), बर्ष २०७१-७२ र २०७२-७३, नेपाल राष्ट्र बैंक

**चित्र ३: आर्थिक बर्ष २०७१-७२ र २०७२-७३ को समिक्षा अवधि सम्मको वस्तु निर्यात परिवर्तन प्रतिशतमा**




श्रोतः बर्तमान आर्थिक सर्वेक्षण (महिना १-९), बर्ष २०७१-७२ र २०७२-७३, नेपाल राष्ट्र बैंक

## सार्वजनिक खर्च र राजश्व संकलनमा गिरावट

भुकम्पबाट भएका क्षतिहरुको पुनर्निमाणको महत्वकांक्षी योजनाहरु कार्यान्वयनको सन्दर्भमा आर्थिक बर्ष २०७२-७३ को विस्तारकारी बजेटलाई सरकारी खर्च खासगरी पूँजीगत खर्चमा तीव्र वृद्धि गर्ने रुपमा हेरिएको थियो । आर्थिक बर्ष २०७२-७३ लाई स्वीकृति प्रकृया र प्रयोग नभएका कोषहरुको पुर्नबिनियोजनलाई सरलीकरण गर्ने प्रावधानहरु सहित बजेट कार्यान्वयन बर्षको रुपमा घोषणा गरिएको थियो ।

नाकाबन्दीको शुरुवातसँगै व्यापारमा अवरोधले गर्दा पूँजीगत खर्चलाई तीव्रता दिने र राजश्व संकलनमा सुधार गर्ने प्रयत्नहरुले समस्या भोगे । नाकाबन्दीले गर्दा सृजित इन्धन र निर्माण सामग्रीको अभावका कारण पूर्वाधार र अन्य विकासका कार्यहरु ठप्प भए ।

आर्थिक बर्षको ६ महिनामा रु ८१९.४७ अर्बको लक्षित खर्च मध्ये जम्मा १९.४५ प्रतिशत मात्र खर्च भएको र रु ४७५.०१ अर्ब राजश्व लक्ष्यको जम्मा ३४.५९ प्रतिशत मात्र हासिल भएको तथ्यांकले देखायो । सोही समयमा लक्ष्यको ६.५ प्रतिशत मात्र खर्च सहित पूँजीगत खर्चको अवस्था अति कमजोर देखियो भने, चालु खर्च लक्ष्यको २६ प्रतिशत पुगेको थियो ।[2]

नाकाबन्दीका कारण इन्धन, निर्माण सामग्री, मेशिनरी र अन्य उपकरणहरुको अभाव सँगसँगै पूँजीगत खर्च अत्यन्त न्यून हुनुको अर्को कारण पुनर्निमाण विधेयक पास हुन भएको ढीलाई पनि हो जसले भुकम्पपश्चातको पुनर्निमाण प्रकृयाको औपचारिक शुरुवातमा ढीलो भयो । राष्ट्रिय पुनर्निमाण प्राधिकरणलाई अर्थ मन्त्रालयले खर्च गर्न स्वीकृत गरेको बजेट मध्ये २०७३ बैशाख अन्तिमसम्ममा १० प्रतिशतभन्दा कम मात्र खर्च गर्न समर्थ रह्यो ।[3]

सरकारी खर्चको सुस्तताले गर्दा ठुला पूर्वाधार का आयोजनाहरु र भुकम्पपश्चातको पुनर्निमाण प्रकृयामा ढीलाई भएको छ । यसले गर्दा धेरै संख्यामा रोजागारीको अवसर सृजना हुने आशा गरिएको भएतापनि आशातित आकारमा रोजगारी सृजना हुन सकेको छैन । यस्तै आर्थिक गतिविधीहरुमा तीव्रता आउने अनुमान आशामा मात्र सिमित भएको छ ।

ठुला पूर्वाधार आयोजनाहरु सम्पन्न गर्न हुने ढीलाईले उपयोगितामोल सृजनामा ढिलाईका सँगसँगै खर्च बृद्धि समेत हुन्छ । उदाहरणको लागि राजमार्गहरुको निर्माणमा हुने ढीलाईले उपयोगीता मोल गुम्ने र जलविद्युत आयोजनाहरुको निर्माणको ढीलाईले आयोजना सम्पन्न हुन लाग्ने थप समय अवधिमा उक्त समयको आम्दानी गुम्छ ।

विस्तृत प्रतिवेदनको लागि तलका लिंकहरूमा जानुहोस् ।
www.nepaleconomicforum.org
www.asd.org.np

## Nepal Economic Forum

Nepal Economic Forum (NEF), is a not for profit organization aiming to be Nepal's premier private sector led economic policy and research institution. NEF strives to re-define the economic development discourse in Nepal, and works towards strengthening the Nepali economy through various activities that promote the growth of an efficient and inclusive private sector. NEF engages in research, analysis and information dissemination to shape national agendas through partnerships.

NEF has successfully hosted multiple events for its own organization as well as external institutions. It has also worked in collaboration with multiple development partners and institutions such as Chatham House, WWF, DANIDA, The Asia Foundation, etc. NEF is currently a recipient of the Think Tank Fund by Open Society Foundations. NEF is committed to the areas of Climate Change, Renewable Energy and Alternative Development Paradigms as showcased by its work in these areas.

## Alliance for Social Dialogue

Alliance for Social Dialogue was set up with an aim to promote dialogue within Nepal on a variety of issues, including but not limited to the promotion of democratic values and institutions in Nepal. ASD has been engaging with Nepali stakeholders in an effort to exercise intellectual leadership in important areas that promote an open society, such as education, human rights, and independent media.

ASD seeks to develop strategic partnerships and networks to facilitate discussion and dialogue of policy issues in contemporary Nepali society. It works towards enhancing the role of democratic civil society actors in consolidating the democratic process in an effort to foster an open society in this period of political transition.

1 "Current Macroeconomic Situation of Nepal (Based on First Months' Data of 2015/16) ", Nepal Rastra Bank, http://nrb.org.np/ofg/current_macroeconomic/CMEs_First%20Month2072.73%20English.pdf

2 "Current Macroeconomic Situation of Nepal (Based on Six Months' Data of 2015/16)", Nepal Rastra Bank, http://nrb.org.np/ofg/current_macroeconomic/CMEs_Six_%20Months_%20English.%20final.pdf

3 "Reconstruction authority uses mere 9.34pc of allocated funds", The Himalayan Times, May 5, 2016, https://thehimalayantimes.com/business/reconstruction-authority-uses-mere-9-34pc-allocated-funds/